**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १ प्रमाणिकरण मितिः२०८३।०१।२१ प्रकाशन मितिः२०८३।०१।२३

## भाग –१

### भजनी नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०८२

**प्रस्तावना :**

नेपालको संविधानले प्रत्याभुत गरेको नागरिकको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता तथा स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न स्वास्थ्य सेवालाई नियमित, सर्वसुलभ, गुणस्तरीय, प्रभावकारी तथा सर्वव्यापी पहुँच स्थापित गर्न आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२१ र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम भजनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम भजनी नगरपालिकाको " स्वास्थ्य तथा सरसफाई ऐन,२०८२" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन समिति" भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समिति लाई सम्झनु पर्छ ।

(ख) "आकस्मिक उपचार सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्थामा परेका व्यक्तिहरूको जीवनलाई जोखिम मुक्त गर्न, अङ्गभङ्ग वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्काल दिनुपर्ने सेवा सम्झनु पर्छ ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले नागरिकको स्वास्थ्य सम्बन्धि आधारभूत आवश्यकता पूर्तिका लागि दफा ३ को उपदफा (२) बमोजिमका सेवा सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले भजनी नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०८२ लाई सम्झनु पर्छ। सो शब्दले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई समेत सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले भजनी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(च) "गैर सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम संचालन अनुमति लिई भजनी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका गैह्र सरकारी, सहकारी तथा निजी लगानी वा स्वामित्वका स्वास्थ्य संस्था सम्झनु पर्छ।

(छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदवाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धि अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(झ) "जंग फुड" भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री सम्झनु पर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियम, कार्यविधि, मापदण्डमा तोकिएको प्रावधान सम्झनु पर्छ।

(ट) "नगरपालिका" भन्नाले भजनी नगरपालिका सम्झनु पर्छ।

(ठ) "नगरपालिका क्षेत्र" भन्नाले भजनी नगरपालिकाको भू-भाग सम्झनु पर्छ।

(ड) "निर्देशिका" वा "कार्यविधि" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गरेका निर्देशिका वा कार्यविधि सम्झनु पर्छ।

(ढ) "प्रमुख" भन्नाले भजनी नगरपालिका प्रमुख सम्झनु पर्छ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रसासकिय अधिकृत लाई सम्झनु पर्छ।

(त) "शाखा" भन्नाले भजनी नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्छ।

## परिच्छेद -२
## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा :** (१) कुनै पनि नागरिकलाई आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) नेपाल सरकारले तोकेका देहाय बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले राजपत्रमा तोकेका स्वास्थ्य सम्बन्धि अन्य सेवा,

(३) उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले आधारभूत स्वास्थ्य सेवा थप गर्न सक्नेछ।

(४) आधारभूत स्वास्थ्य सेवा सम्बन्धि मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (३) मा उल्लेख गरिएका अन्य स्वास्थ्य सेवा कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायक :** (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ।

(क) गाँउघर क्लिनिक/खोप केन्द्र

(ख) शहरी स्वास्थ्य केन्द्र

(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र

(घ) स्वास्थ्य चौकी

(ङ) रक्त संचार केन्द्र

(च) प्राथमिक स्वास्थ्य केन्द्र

(छ) आयुर्वेदिक औषधालय

(ज) नगर फार्मेसी/ सार्वजनिक फार्मेसी/ अस्पताल फार्मेसी

(झ) प्राथमिक अस्पताल/ नगर अस्पताल

(ञ) सामुदायिक अस्पताल

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासंग सहकार्य वा साझेदारी गर्न सक्नेछ।

५. **स्वास्थ्य शाखा :** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी अन्य गतिविधि संचालन गर्नको लागि नगरकार्यपालिका मातहत एक स्वास्थ्य तथा सरसफाई शाखा हुनेछ।

(२) संगठन संरचना सर्वेक्षणका आधारमा कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यकता अनुसार उपशाखा र इकाई थप गर्न सक्नेछ।

## परिच्छेद -३
## स्वास्थ्य संस्था स्थापना र संचालन

६. **स्वास्थ्य संस्था स्थापना र संचालन :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि देहायका स्वास्थ्य संस्था स्थापना गरी संचालन गर्न सक्नेछ ।

(क) नगर अस्पताल/ प्राथमिक अस्पताल
(ख) प्राथमिक स्वास्थ्य केन्द्र
(ग) स्वास्थ्य चौकी
(घ) शहरी स्वास्थ्य केन्द्र
(ङ) आयुर्वेद औषधालय
(च) आधारभुत स्वास्थ्य सेवा केन्द्र
(छ) शहरी स्वास्थ्य प्रवर्धन केन्द्र
(ज) स्वास्थ्य क्लिनिक, डेन्टल क्लिनिक, डी वर्गको प्रयोग शाला

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड संघ सरकारले तोके बमोजिम हुनेछ ।

(३) स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी नगरपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४)उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थावाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्ने छ ।

(५) नगरपालिका भित्र हरेक सरकारी अस्पतालहरुले अनिवार्य रुपमा आफ्नै फार्मेसी संचालन गरी अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

(६) औषधि सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. **स्वास्थ्य संस्था व्यवस्थापन:** (१) नगरपालिकामा संचालन भएका सरकारी अस्पतालको व्यवस्थापनको लागि देहाय बमोजिमको एक अस्पताल व्यवस्थापन समिति हुनेछ ।

(क) नगर प्रमुख -अध्यक्ष
(ख) नगर उपप्रमुख- सदस्य
(ग) स्थानीय लब्धप्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको एक जना - सदस्य
(घ) कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक वा स्वास्थ्य क्षेत्र हेर्ने सदस्य एक जना- सदस्य
(ङ) सामाजिक/स्वास्थ्य/ शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना- सदस्य
(च) महिला स्वयं सेविका मध्येवाट १ जना -सदस्य
(छ) अस्पतालमा कार्यरत चिकित्सक र नर्स मध्येवाट एक/एक गरी दुई जना- सदस्य
(ज) अस्पताल रहेको वडाको वडा अध्यक्ष- सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख- सदस्य

(ञ) अस्पतालको मेडिकल सुपरिन्डेन्ट- सदस्य सचिव

(२) नगरपालिकाको स्वामित्व रहेका अन्य स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको वडा अध्यक्ष- अध्यक्ष

(ख) सम्बन्धित वडाको लब्धप्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको एक जना- सदस्य

(ग) सम्बन्धित वडाका वडा सदस्य मध्ये बाट कार्यपालिकाले तोकेको एक जना सदस्य- सदस्य

(घ) सम्बन्धित वडाका सामाजिक/स्वास्थ्य/ शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना- सदस्य

(ङ) सम्बन्धित वडाका महिला स्वयं सेविका मध्येवाट १ जना

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

३. समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ र कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. नगरपालिका प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछ ।

५.व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. **अनुमति लिनुपर्ने :** (१) नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले स्वास्थ्य संस्था संचालनको लागि अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिंदा नेपाल सरकारले निर्धारण गरेको प्रचलित मापदण्ड पुरा गरेको खण्डमा नगरपालिकाले देहायका स्वास्थ्य संस्था संचालन गर्न अनुमति दिन सक्नेछ ।

(क) १५ शैया सम्मको अस्पताल

(ख) स्वास्थ्य क्लिनिक

(ग) फार्मेसी सेवा

(घ) आयुर्वेदिक औषधालय

(ङ) पुनर्स्थापना केन्द्र

(च) प्रयोगशाला, मेडिकल ल्याब, डाइग्नोष्टिक सेवा

(छ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धि सेवा

(ज) डेन्टल क्लिनिक

(झ) आँखा उपचार केन्द्र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(३) इजाजत नलिई निजी, गैरसरकारी, सामुदायिक र सहकारी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनै पनि कार्य गर्न पाउने छैन ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्ने इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा नगरपालिका र नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको हुनुपर्नेछ ।

(६) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरूले ऐन जारी भएको मितिले ३(तीन) महिनाभित्र तोकेको प्रकृया पुरा गरी अनुमति लिनु पर्नेछ ।

९. **दर्ता सिफारिस लिनुपर्ने** : (१) संघ वा प्रदेश सरकारबाट इजाजत लिई संचालन हुने स्वास्थ्य संस्थाले इजाजत र नबिकरण गर्नु पूर्व नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिएका स्वास्थ्य संस्थाले स्वीकृत शैयाको कम्तिमा १० (दश) प्रतिशत शैया असहाय, गरिव तथा विपन्न नागरिकहरुको निःशुल्क उपचारमा प्रयोग गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार नगरपालिकाको सिफारिसका आधारमा गर्नुपर्नेछ ।

## परिच्छेद ४
## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

१०. **गुणस्तर र पुर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने** : स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको सेवा गुणस्तर र पुर्वाधार मापदण्ड पुरा गर्नुपर्नेछ ।

११. **अनुगमन गर्ने** : (१) स्वास्थ्य मापदण्ड पालना गरे नगरेको अनुगमन, निरीक्षण र मुल्याङ्कन गर्न देहाय बमोजिमको अनुगमन समिति हुनेछ ।

(क) मे.सु. सेवा मेडिकल अधिकृत – संयोजक

(ख) ल्याब टेक्नीसियन – सदस्य

(ग) रेडियोग्राफर – सदस्य

(घ) पब्लिक हेल्थ नर्स (अधिकृत स्तर) सदस्य

(ङ) ईन्जिनियर – सदस्य

(च) नगरपालिकाबाट मनोनित बिज्ञ एक – सदस्य

(छ) जनस्वास्थ्य अधिकृत – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित अनुगमन समितिले दफा ६ बमोजिम स्थापना भएका र दफा ८ बमोजिम संचालन अनुमति लिई संचालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको कम्तिमा वर्षको दुई पटक अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएता पनि गुणस्तर कायम गरे नगरेको सम्बन्धमा अनुगमन गर्न आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै बेला पनि अनुगमन गर्न सक्नेछ ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थिति मुचुल्का खडा गरि सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गरि आफ्नो राय समेत उल्लेख गरी कारवाहीको लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नेछ ।

(५) निरीक्षण तथा अनुगमनका आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन र मापदण्ड पालना नगरी जनस्वास्थ्यमा गम्भीर प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने आदेश दिन सक्नेछ ।

(६) शाखाले स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति र अनुगमन समितिको प्रतिवेदन समेत समाबेश गरी आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नगर कार्यपालिकामा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) वमोजिम पेश भएको प्रतिवेदन उपर कार्यपालिकाले छलफल गरि आवश्यक राय सुझाव, मार्गदर्शन र निर्देशन दिन सक्नेछ ।

१२. **सेवा शुल्क निर्धारण र पुनरावलोकन :** (१) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवाको जिल्ला दररेटको सिमा भित्र रही सेवा शुल्कको पुनरावलोकन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क पुनरावलोकन गर्नुपर्ने आधार र कारण प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद -५

## सरसफाई, स्वास्थ्य र फोहोर जन्य व्यवस्थापन तथा स्वस्थ वातावरण

१३. **सरसफाई तथा स्वस्थ वातावरण :** (१) कुनै व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइने छैन।यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) नगरपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी मापदण्ड/ निर्देशिका बनाई लागु गर्नेछ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य निरीक्षक सँग हुनेछ ।

(७) अनुगमनको क्रममा फोहोरमैला व्यवस्थापन हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य निरीक्षकले उक्त निकायलाई सचेत गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सचेत गराउँदा गराउंदै पनि अटेर गरेमा आवश्यक कारबाहीका लागि नगरकार्यपालिकामा सिफारिस गर्नेछ ।

१४. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापन :** (१) स्वास्थ्य सम्बन्धि फोहोरमैलाको संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क र नियमनको लागि नगरपालिकाले नियमावली बनाई लागु गर्नेछ ।

(२) नगरपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैहृनसरकारी क्षेत्रसंग सहकार्य र साझेदारी गर्न सक्नेछ ।

## परिच्छेद ६
## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

१५. **जनस्वास्थ्य निरीक्षण** : नगरपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

१६. **खाद्य तथा पानीको गुणस्तर** : खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्ड प्रचलित संघ र प्रदेशको कानुन बमोजिम हुनेछ ।

१७. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन** : (१) नगरपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेका मापदण्डलाई आधार मानी निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकावाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ ।

(३) सुर्ती तथा मदिराजन्य पदार्थको विक्रि वितरण र प्रयोगका लागि निषेधित क्षेत्र र खुला क्षेत्र तोक्न सक्नेछ ।

(४) १८ वर्ष मुनिका वालवालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरणमा प्रयोग गर्न पाइने छैन ।

१८. **जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पुर्वाधार:** (१) नगरपालिका भित्र आवास क्षेत्रहरुको निर्माण गर्दा भवन आचार संहिता मापदण्ड पालना गर्नु पर्नेछ ।

(२) संघ, प्रदेश वा नगरपालिकाले तोकेका जोखिमपुर्ण क्षेत्रमा आवास निर्माण गर्न पाइने छैन। यो ऐन जारी हुनु पुर्व आवास निर्माण भएको भए नगरपालिकाले प्रचलित संघ कानून अनुसार वैकल्पिक स्थानको व्यवस्था गर्नेछ ।

(३) सडक पुर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रबर्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ। नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) नगरपालिकाले कुनै पनि भौतिक संरचना निर्माण गर्दा वा निर्माण अनुमति दिदा जनस्वास्थ्यमा पर्न सक्ने प्रभावको मूल्यांकन गर्न सक्नेछ ।

१९. **जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरण:** स्वास्थ्यका दृष्टिकोणले खुल्ला स्थान, पार्क, खेल मैदान, मनोरञ्जन स्थल, पैदल मार्ग, साइकल लेन सहितको जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरण लाई प्रबर्द्धन गर्नुपर्नेछ ।

## परिच्छेद ७
## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

२०. **स्वास्थ्य पुर्वाधार:** (१) स्वास्थ्य संस्थाको वर्गिकरण र स्वास्थ्य पुर्वाधार मापदण्ड बमोजिम नगरपालिकाले न्युनतम मापदण्ड वनाई भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नेछ ।

(२) स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चितता गर्नुपर्नेछ ।

२१. **जनशक्तिको व्यवस्थापन :** (१) स्वास्थ्य संस्थामा जनशक्ति व्यबस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले स्वीकृत संगठन संरचना अनुरूपको जनशक्ति स्थायी वा करार सेवा बाट पदपूर्ति गर्नेछ।

(३) जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम,गोष्ठी, सेमिनार, शिक्षण तथा प्रशिक्षण गराउनेछ ।

(४) स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको सुनिश्चितता गर्नुपर्नेछ ।

२२. **कार्यसम्पादन करार गर्नुपर्ने** : (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतसंग र प्रमुख प्रशासकीय अधिकृतले शाखागत रुपमा शाखा प्रमुखसंग छुट्टा छुट्टै कार्यसम्पादन करार गर्नेछ ।

(२) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा नगरपालिकाले कर्मचारीको कार्यक्षमताको मुल्याङ्कन गरि राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ ।

## परिच्छेद ८

## विपद व्यवस्थापन र जनस्वास्थ्य आपतकाल

२३. **विपद व्यवस्थापन संयन्त्र :** (१) नगरपालिकाले जनस्वास्थ्य बिपदहरूको पुर्वतयारी, जाँचपडताल, व्यबस्थापन र जोखिम न्युनिकरणको लागि उपयुक्त संयन्त्रको प्रबन्ध गर्नेछ ।

(२) जोखिम पहिचान गरी पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापन र पुनर्निर्माणको लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकार र अन्य संघ-संस्थासंग सहकार्य गर्न सक्नेछ ।

२४. **जनस्वास्थ्य आपतकाल:** (१) महामारी वा विपद्का कारण जनस्वास्थ्यमा गम्भीर खतरा देखिएमा नगर प्रमुखले संघ तथा प्रदेश सरकारसंग समन्वय गरि जनस्वास्थ्य निरीक्षकको सिफारिशमा कार्यपालिकाको निर्णय अनुसार निश्चित क्षेत्र र समयका लागि आपतकाल घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा भएको आपतकालको सुचना सार्वजनिक संचार माध्यमवाट प्रवाह गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आपतकाल आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ९

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण र नियमन

२५. **औषधि खरिद, भण्डारण र वितरण सम्बन्धि व्यबस्था** : (१) स्वास्थ्य संस्था मार्फत वितरण हुने निःशुल्क औषधि र स्वास्थ्यजन्य उपकरणको सूची निर्धारण गरि नगरपालिकाले वार्षिक खरिद योजना बनाउने छ ।

(२) उपदफा (१) बमोजिमको औषधि र उपकरण खरिद प्रचलित सार्बजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ ।

(३) स्वास्थ्य संस्थामा औषधि भण्डारण, वितरण सम्बधि ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

२६. **नियमन:** नगरपालिकाले संघ तथा प्रदेश कानुन समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधि बिक्री, वितरण तथा प्रयोगको नियमन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १०
## साझेदारी र सहकार्य

२७. **साझेदारी र सहकार्य गर्न सक्ने:** नगरपालिका क्षेत्र भित्र वा बाहिर संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासंग साझेदारी र सहकार्य गर्न सक्नेछ।

२८. **विद्यालय स्वास्थ्य सेवा:** (१) विद्यालयसंग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्था नगरपालिकाले गर्नेछ।

२९. **घुम्ती शिबिर सम्बन्धि व्यवस्था:** (१) सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाले नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सम्बन्धि घुम्ती शिबिर वा स्वास्थ्य सम्बन्धि अन्य सेवा तथा कार्यक्रम संचालन गर्न नगरपालिका बाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी स्वास्थ्य कार्यालयले नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सम्बन्धि कुनै कार्यक्रम संचालन गर्दा नगरपालिकासंग समन्वय गर्नुपर्नेछ।

## परिच्छेद-११
## स्वास्थ्य सूचना प्रणाली, स्वास्थ्य प्रविधि, तथ्यांक र अभिलेख

३०. **तथ्यांक संकलन र अभिलेखिकरण :** (१) नगरपालिकाले हरेक आर्थिक बर्षको प्रारम्भमा आफ्नो क्षेत्रको स्वास्थ्य सम्बन्धि जनसांख्यिक विस्तृत तथ्यांक र अभिलेख संकलन गरी अद्यावधिक गर्नुपर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सरकारी तथा गैरसरकारी र निजी स्वास्थ्य संस्थाले तोकिएको रोग, विरामी तथा सेवा सम्बन्धी तथ्यांक र अभिलेख स्वास्थ्य सूचना व्यबस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थामा जन्म भएको शिशुको अभिलेख राखी जन्म प्रमाणपत्र दिनुपर्नेछ।

(४) नगरपालिका वा इजाजत प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्रास्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्बन्धित व्यक्तिगत सूचना तथा अभिलेख कानुन बमोजिम गोप्य राख्नुपर्नेछ।

(५) संघ, प्रदेशका स्वास्थ्य कार्यालयलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी सूचना उपलब्ध गराउनु पर्नेछ।

३१. **सूचना पाउने हक :** बिरामीलाई आफ्नो उपचार सम्बन्धि सम्पुर्ण जानकारी पाउने हक हुनेछ, सो को जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तब्य हुनेछ।

## परिच्छेद-१२
## आकस्मिक स्वास्थ्य सेवा

३२. **आकस्मिक सेबाबाट बन्देज नगरिने :** (१) स्वास्थ्य संस्थामा कुनै पनि बिरामीलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) विरामीको जीवन रक्षा गर्न विरामी सामान्य अवस्थामा नआउन्जेल सम्म आकस्मिक उपचार गर्नु स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्दा बिरामीको स्वास्थ्य अवस्थाको बर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

३३. **एम्बुलेन्स तथा शववाहन सेवा:** (१) नगरपालिकाले आफ्नो स्रोतवाट वा अन्य संस्थासंगको सहकार्यमा एम्बुलेन्स तथा शववाहन सेवा संचालन गर्न सक्नेछ।

(२) एम्बुलेन्स संचालन समितिले आफ्नो क्षेत्रभित्र संचालन हुने एम्बुलेन्स तथा शववाहन नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन गर्नेछ।

(३ दर्ता तथा नबीकरण नगरी संचालन भएका एम्बुलेन्स तथा शववाहनलाई नगरपालिकाले नियन्त्रणमा लिन सक्नेछ।

## परिच्छेद-१३
## प्रेषण तथा उपचार प्रणाली

३४. **प्रेषण तथा उपचार प्रणाली :** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेबाग्राही आफनो पायक पर्ने स्वास्थ्य संस्थामा सेवाको लागि जान सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अबस्था भएमा तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

## परिच्छेद- १४
## सेबाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्य

३५. **सेवाग्राहीको कर्तव्य :** (१) नियमित रुपमा आफूलाइ पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव लिनु हरेक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन।

३६. **सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व :** (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ।

(२) स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेबाग्राही प्रति समान व्यबहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वास्थ्यकर्मिको कर्तव्य हुनेछ।

(३) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्य मैत्री वाताबरणको व्यबस्थापन गर्नुपर्नेछ।

३७. **स्वास्थ्य सेवा अबरुद्ध गर्न नपाईने** : कुनै पनि बहानामा स्वास्थ्य संस्थामा आकस्मिक सेवा अबरुद्ध गर्न पाईने छैन।

३८. **गुनासो व्यवस्थापन**: स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्न एक अधिकारी तोक्नुपर्ने छ।

## परिच्छेद-१५
## दण्ड, जरिबाना र क्षतिपुर्ति

३९. **कसुर गरेको मानिने**: कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा ८ वमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था संचालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आफस्मिक उपचार नगरेमा,

(घ) दफा ३८ बमोजिम सेबाग्राहीलाई समान व्यबहार नगरेमा,

(ङ) दफा ३२ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्बाह गर्न वाधा व्यबधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना बा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना बा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी बा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा १६ बमोजिम गुणस्तर कायम नभएका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव परेमा,

(ठ) दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

४०. **जरिवाना :** (१) दफा ४० को (क) बमोजिमको कसूर गरेमा जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ।

(२) दफा ४० को (ख), (ग), (घ), (ङ), (च), (छ) (ज), (झ), (ञ) र (ट) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चीस हजार देखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा ४० को (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई नगरपालिकाले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ।

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ।

४१. **क्षतिपुर्ति दिनुपर्ने** : (१) यस ऐनको प्रतिकूल कार्यबाट मर्का पर्ने पक्षले आफुलाई पुग्न गएको हानिनोक्सानी तथा क्षतिको क्षतिपूर्ति भराई पाउन नगरपालिकामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा छानबिन तथा जाँचबुझ गर्दा हानी नोक्सानी भएको ठहरेमा हानि नोक्सानी पुर्याउने व्यक्ति, संस्थाबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

४२. **उजुरी दिन सक्ने** : दफा ४२ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्नेछ।

## परिच्छेद -१६
## स्थानीय जनस्वास्थ्य बोर्ड

४३. **स्थानीय जनस्वास्थ्य समिति गठन:** (१) नगरपालिकामा देहाय बमोजिमको स्थानीय जनस्वास्थ्य समिति गठन गरिनेछ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्वास्थ्य संस्था संचालन तथा व्यबस्थापन समितिका अध्यक्षहरु मध्ये नगर प्रमुखले तोकेको एक जना- सदस्य

(ङ) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य एक जना- सदस्य

(च) कानतु शाखा प्रमुख- सदस्य

(छ) विपद व्यबस्थापन शाखा प्रमुख – सदस्य

(ज) स्थानीय अस्पताल/ स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/ स्वास्थ्यकर्मी मध्ये नगर प्रमुखले तोकेको एक महिला सहित दुई जना- सदस्य

(झ) स्वास्थ्य विज्ञहरुबाट समितिले मनोनित गरेको एक जना - सदस्य

(ञ) शिक्षा विज्ञहरुबाट समितिले मनोनित गरेको एक जना – सदस्य

(ट) निजी, गैरसरकारी, सामुदायिक वा सहकारी स्वस्थ्य संस्थाका संचालक मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना- सदस्य

(ठ) उपभोक्ता हित संरक्षण संग सम्बन्धित संघ संस्था मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना- सदस्य

(ड) नगरपालिका स्तरीय महिला स्वास्थ्य स्वंयम सेविका संयोजक एक जना – सदस्य

(ढ) स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(ग) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(घ) जनस्वास्थ्य सम्बन्धि अन्तराष्ट्रिय महासन्धि, राष्ट्रिय स्तरका सम्झौता, राष्ट्रिय रणनीति तथा प्रतिबद्धतालाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(ङ) रोगहरुको रोकथाम र प्रबर्धनात्मक कार्यका विषयमा प्रदेश तथा संघ सरकार संग आवश्यक सहयोग तथा परामर्श लिने ।

(च) स्वास्थ्यसंग सम्बन्धित विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्ने ।

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) बैठक संचालन सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४४. **योजना तर्जुमा र कार्यक्रम संचालन गर्ने :** स्वास्थ्य क्षेत्रको योजना निर्माण,कार्यान्वियन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्नेछ ।

४५. **समन्वय गर्ने :** नगरपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय जनस्वास्थ्य अभियानमा समन्वय र सहयोग गर्नेछ ।

## परिच्छेद - १७
## विविध

४६. **पोषण कार्यक्रम संचालन गर्ने :** (१) नगरपालिकाले गर्भवति महिला, आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रम संचालन र प्रवर्द्धन गर्नेछ ।

(२) नगरपालिकाले स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ ।

(३) नगरपालिकाले कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

(४) अति कुपोषित बालबालिकाहरुको लागी ओ.टी.सी.सेन्टर संचालन गर्नेछ ।

४७. **सामाजिक सुरक्षा र स्वास्थ्य बिमा :** (१) नगरपालिका क्षेत्रका सबै वासिन्दालाई स्वास्थ्य वीमा कार्यक्रममा आबद्ध गराउनु पर्नेछ ।

(२) नगरपालिकाले सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले आर्थिक रूपले विपन्न व्यक्तिको स्वास्थ्य बीमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रदेश तथा संघ तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(४) नगरपालिकाले विशेष संरक्षणको आवश्यकता भएका मुक्त कमैया, मुक्त कमलरी, महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त र जेष्ठ नागरिकको संरक्षणको लागि कार्यविधि बनाई विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम संचालन गर्न सक्नेछ ।

४८. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४९. **मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्ने:** कार्यपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

५०. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएको विषयको हकमा प्रचलित संघ र प्रदेश कानुन बमोजिम हुनेछ ।

आज्ञाले,
भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत